# भरतपुर महानगरपालिका सहकारी (दोस्रो संशोधन) ऐन, २०७५

नगर सभाबाट पारित मितिः २०७७/९/२७
प्रमाणिकरण मितिः २०७७/९/२८

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "भरतपुर महानगरपालिकाको सहकारी (दोस्रो संशोधन) ऐन, २०७५ रहेको छ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ।

२. **ऐनको दफा ३ को उपदफा ५ लाई खारेज गरिएको छ ।**

३. **ऐनमा देहाय बमोजिमको दफा ६क थप गरिएको छ :** ६क सदस्य सेवा केन्द्र वा सम्पर्क कार्यालय खोल्ने सम्बन्धमा

१) कुनै सहकारी संस्थाले आफ्ना सदस्यहरूलाई सहजरूपमा सेवा प्रदान गर्ने उद्देश्यले एउटै वडामा संस्थाको कार्यालय नदोहोरिने गरी सदस्य सेवा केन्द्र वा सम्पर्क कार्यालय स्थापना गरी सञ्चालन गर्न प्रमुख प्रशासकीय अधिकृतबाट अनुमति लिनुपर्ने छ ।

२) उपदफा १) बमोजिम अनुमति लिंदा देहाय बमोजिमका प्रक्रिया पुरा गर्नु पर्ने छ ।

क) साधारणसभाबाट सेवा केन्द्र खोल्ने स्थान स्पष्ट निर्णय भएको हुनु पर्ने,

ख) संस्थाको कुल सदस्य संख्याको पहिलो एक हजार पछिको प्रत्यक पाँचसयमा एकवटाको दरले सदस्य सेवा केन्द्र वा सम्पर्क कार्यालय खोल्न सकिनेछ,

ग) सहकारी संस्थाको कुल शेयर पूंजी कम्तिमा एककरोड पचासलाख हुनुपर्ने,

घ) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनमा संस्था नाफामा देखिएको हुनुपर्ने,

३) उपदफा २(ख) बमोजिमको सदस्य संख्या र उपदफा २ (ग) बमोजिमको शेयर पूँजी लेखापरीक्षण प्रतिवेदन वा दर्तावाला लेखापरीक्षकबाट प्रमाणित भएको हुनुपर्ने ।

४) उपदफा २ बमोजिम प्रक्रिया पुरा गरी उपदफा १ बमोजिमको अनुमति लिन देहाय बमोजिमका कागजातहरु पेश गर्नुपर्ने छ ।

क) अनुमति माग गरिएको संस्थाको पत्र,

ख) साधारणसभाको निर्णय प्रतिलिपि,

ग) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,

घ) कर र व्यवसाय कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

५) यस दफामा अन्यत्र जे सुकै लेखिएको भएतापनि सहकारी संस्थाहरू एकीकरण गर्दाको अवस्थामा संस्थाबाट माग भए बमोजिम एउटै वडामा संस्थाको कार्यालय नदोहोरिने गरी सदस्यता सेवा केन्द्र खोल्न दिइनेछ ।

४. **ऐनको दफा ९ उपदफा २ लाई देहाय बमोजिम संशोधन गरिएको छ :** उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संस्थाले दर्ता भई व्यवसायिक सेवा प्रारम्भ गरेको एक वर्ष पछि व्यवसायिक क्रियाकलापको विकास क्रममा सदस्यता बढाउन थप कार्यक्षेत्र माग गरेमा माग अनुसार महानगरपालिकाको सम्पूर्ण वडा क्षेत्रभित्र प्रमुख प्रशासकीय अधिकृतको स्वीकृतिमा संस्थाले कार्यक्षेत्र बिस्तार गर्न सक्नेछ ।

५. **ऐनको दफा ९ उपदफा ७ लाई खारेज गरिएको छ ।**